स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**खाना पकाउने ग्याँस प्रयोगमा सावधानी अपनाऔं**

- सलाई, लाइटर जस्ता प्रज्वलनशील सामग्री बालबालिकाले भेट्ने गरी नराखौं,
- ग्याँस बालेर भान्साकोठा छाडेर नजाऔं,
- ग्याँस सिलिण्डरलाई सकेसम्म भान्सा कोठाभन्दा बाहिर राखौं,
- प्रयोग मिति यकिन गरेर मात्र ग्याँस सिलिन्डर खरिद गरौं,
- ग्याँस सिलिन्डरको पाइप समय-समयमा जाँच गरौं,
- आवश्यकताभन्दा बढी ग्याँस सिलिन्डर सञ्चय नगरौं,
- कुनै खराबी वा टुटफुट भए तुरुन्त मर्मत गरौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



कुनै समय नेपाली फिल्म क्षेत्रलाई काँधमा बोकेर हिँडेका अभिनेता राजेश हमाल फिल्म "नरसिंहा: अवतार"बाट ८ वर्षपछि ठूलो पर्दामा देखिँदैछन् । यही चैत २९ गते फिल्मलाई प्रदर्शन गर्न खोजिएको भए पनि पोस्ट प्रोडक्सनको काम नसकिँदा अब आगामी जेठमा रिलिजको तयारी गरिएको छ । भोलि (सोमबार) फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति घोषणा गरिँदैछ ।

**आजको विचार...**



दुर्गा प्रसाद अर्याल

यसरी... (दुई पेजमा)

यतिबेला देशमा "गणतन्त्रवादी" र "राजावादी"को ट्याग भिराउने होड नै चलिरहेको छ । "राजाको शासनकाल नै ठीक थियो" भन्नेहरु "राजावादी" करार भइरहेका छन् भने अहिलेको व्यवस्थालाई समर्थन गर्नेहरुले "गणतन्त्रवादी"को ट्याग पाएका छन् ।



❒ वर्ष ३० ❒ अंक २४५ ❒ २०८१ चैत १८ गते सोमबार 31 March 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### हमलामा ८ जनाको मृत्यु

**(रासस/एएफपी)**

**गाजा सिटी, चैत १७**/गाजाको नागरिक सुरक्षा एजेन्सीले प्यालेस्टिनीहरूले ईद अल-फितरको पहिलो दिन मनाउँदै गर्दा विस्थापित मानिसहरूलाई आश्रय दिने घर र पालमा आइतबार इजरायली हवाई आक्रमणमा पाँच बालबालिकासहित कम्तीमा आठ जनाको मृत्यु भएको जनाएको छ ।

हमास र इजरायल दुवैले छुट्टीको समयमा गाजामा शत्रुता रोक्ने उद्देश्यले मध्यस्थकर्ताहरूबाट नयाँ युद्धविराम प्रस्ताव प्राप्त गरेको स्वीकार गरेपछि यो आक्रमण भएको हो । "खान युनिसमा विस्थापित मानिसहरूलाई आश्रय दिँदै एउटा घर र एउटा पालमा इजरायली हवाई आक्रमणपछि बिहानै पाँच बालबालिका हित आठ जना शहीद भएका छन्", नागरिक सुरक्षा एजेन्सीका प्रवक्ता महमुद बासलले भने । इजरायलले क्षेत्रभर आफ्नो हवाई बमबारी र भूमि आक्रमण फेरि सुरु गर्नुअघि गाजा पट्टीमा सापेक्षिक शान्ति ल्याएको नाजुक युद्धविराम मार्च १८ मा समाप्त भएको थियो । आइतबारको हवाई आक्रमण मध्यस्थकर्ताहरू- इजिप्ट, कतार र संयुक्त राज्य अमेरिकाले युद्धविरामको मध्यस्थता गर्न र गाजामा अझै पनि बन्दी बनाइएका इजरायली बन्धकहरूको रिहाइ सुरक्षित गर्ने प्रयासहरू जारी राखेका बेला भएको हो । हमासका एक वरिष्ठ अधिकारीले शनिबार उक्त समूहले मध्यस्थकर्ताहरूले अघि सारेको नयाँ युद्धविराम प्रस्तावलाई अनुमोदन गरेको र इजरायललाई यसलाई समर्थन गर्न आग्रह गरेको बताए । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले प्रस्ताव प्राप्त भएको पुष्टि गरेको छ र इजरायलले प्रतिक्रियामा प्रति प्रस्ताव पेस गरेको बताएको छ ।

## सुरक्षित आप्रवासन कार्यक्रम

# पाल्पामा वैदेशिक रोजगारीमा जाने पाँच हजार बढीले लिए सेवा

**रामचन्द्र रायमाझी**

**पाल्पा, चैत १७**/वैदेशिक रोजगारीलाई सुरक्षित र उपलब्धिमूलक बनाउने उद्देश्यका साथ सञ्चालित सुरक्षित आप्रवासन परियोजना (सामी) कार्यक्रम पाल्पामा प्रभावकारी बन्दै गएको छ । तानसेन नगरपालिकाभित्र परियोजना सञ्चालन भएपछि वैदेशिक रोजगारीमा गएका, गएर फर्किएका र जाने तयारीमा रहेका व्यक्ति तथा परिवारका सदस्य यसबाट लाभान्वित भएका हुन् ।

जिल्लामा चालु आर्थिक वर्षको अवधिमा वैदेशिक रोजगारीमा गएका, गएर फर्किएका र जाने तयारीमा रहेका ५ हजार ६२ जनाले सामी कार्यक्रमको सेवा लिएका छन् । विदेश काम गर्न, अध्ययन गर्न गएका र विदेशबाट फर्किएका उक्त संख्याका व्यक्तिहरुलाई परामर्श दिने र आइपरेका समस्या समाधानमा सहयोग गर्ने काम गरेको कार्यक्रम जिल्ला संयोजक दिनेश घिमिरेले बताए । आइतबार तानसेन नगरपालिकाको आयोजनामा भएको सुरक्षित बैदेशीक रोजगारीका लागि पत्रकार तथा सरोकारवालाहरुसँगको अन्तरर्क्रिया तथा अभिमुखीकरण कार्यक्रममा संयोजक घिमिरेले सामी कार्यक्रममार्फत प्रदान गरेका सेवाको



बारेमा जानकारी गाराउँदै सेवा लिने बढ्दै गएको बताए । उनले वैदेशिक रोजगारीमा जान लागेका, आप्रवासमा रहेका र तिनका परिवारलाई आइपर्ने समस्या र कानुनी सहायता प्रदान गरिर्दै आएको उल्लेख गरे । संयोजक घिमिरेले भने 'वैदेशीक रोजगारीका क्रममा ठगीमा परेका र शव झिकाउनुपर्ने २४ वटा समस्या चालु आर्थिक वर्षमा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका छन् । ति मध्ये ८ वटा ठगी र शव झिकाउने केशका समस्या समाधान गर्न सफल भएका छौं ।' उनका अनुसार अहिले ४ वटा ठगी र १२ वटा क्षतिपूर्तिका केशहरु समाधानका लागि प्रक्रियामा रहेका छन् । यस्तै परामर्श लिने मध्येका १ सय ११ जनाको फलोअफ भइरहेको समेत घिमिरेले बताए । चालुआर्थिक वर्षमा तानसेनबाट एक हजार ३८ जना वैदेशिक रोजगारीमा गएको उनले जानकारी गराए । यो सङ्ख्या यहाँका वडा नं १, २, ३, ४, ५ का नागरिकहरुको तथ्याङ्क हो । उनीहरु श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएकाहरू हुन् । यहाँबाट अध्ययनका लागि ३ सय २९ जना र रोजगारका लागि ५ सय ५९ जना विदेश गएका छन् । ५० जना भने विदेशबाट फर्किसकेका छन् ।

कार्यक्रममा नगर प्रमुख सन्तोषलाल श्रेष्ठले स्वदेशमा नै रोजगारी गर्न र वैदेशिक जाने नै भए सही सूचना लिएर र सिप सिकेर मात्र जान सबैलाई आग्रह गरे । उनले वैदेशिक रोजगारीमा जान लागेका व्यक्तिहरू विदेश जाँदा, रोजगारीमा रहँदा र फर्कंदासम्म भोग्नुपर्ने ठगी तथा अल्झनहरूमा कानुनी तथा व्यावहारिक सहयोग गर्न आप्रवासी स्रोत केन्द्रले काम गर्दै आएको बताए । नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले सुरक्षित आप्रवासन कार्यक्रमले वैदेशीक रोजगारमा जानेहरुका लागि केही सहज बन्दै गएको उल्लेख गरे ।

उनले आगामी दिनमा सेवालाई थप प्रभावकारी बनाएर लैजान आग्रह गर्दै पाल्पाली मिडियाहरुकोतर्फबाट सेवाका बारेमा आमनागरिकहरुलाई जानकारी गराउने बताए । *-बाँकी अन्तिम पेजमा...*

## नेपाली लेखक संघको अध्यक्षमा बुढाथोकी

**लुम्बिनी (मर्चवार), चैत १७**/ नेपाली लेखक सैको अध्यक्ष पदमा वियोगी बूढाथोकी विजयी भएका छन् । आइतबार सम्पन्न मतगणनामा बुढाथोकीले १ सय १५ मत प्राप्त गरी विजयी भएको जनाइएको छ । उनका प्रत्यासी डा. रत्नमणि नेपालले ५९ मत प्राप्त गरे ।

सैको सहअध्यक्षमा मनोज न्यौपानेले १ सय २ मत प्राप्त गरी विजयी भए । उनका प्रतिस्पर्धी डा. शैलेन्दु प्रकाश नेपालले ६९ मत प्राप्त गरे । महासचिवमा सोझो गाउँलेले १ सय २६ मत प्राप्त गरी विजयी हुँदा प्रतिस्प्रर्धी प्रकाश विमिलले ४९ मत प्राप्त गरे । सैको आठौं राष्ट्रिय अधिवेशनमा कूल ३९ पदका लागि ४६ जनाले उम्मेदवारी दिएका थिए । त्यसमध्ये छ उपाध्यक्ष, एक उपमहासचिव, एक कोषाध्यक्ष, चार सचिव र २४ सदस्य पदमा एकल उम्मेदवारी दर्ता भएकाले उनीहरू स्वत: निर्विरोध निर्वाचित भए ।

सैको उपाध्यक्षमा दामु मर्सिफुल, डा ईश्वरमणि अधिकारी, डा विष्णु केसी र डा. शशि थापा पण्डित, कोषाध्यक्षमा विसुकुमार केसी, उपमहासचिवमा नारायण सापकोटा, सचिवमा निर्मल ढुङ्गाना, डा लोकेन्द्रबहादुर खड्का, मिलन समीर र निर्मला कोइराला निर्वाचित हुनुभएको निर्वाचन संयोजक धर्मेन्द्र नेम्वाङले बताए ।

निर्वाचनमा कूल १ सय ८२ जनामध्ये १ सय ७६ जनाले मतदान गरेका थिए । *-रासस*

## पाल्पाको छहरामा जेठ २३ मा 'साहित्य संगम' हुने

**पाल्पा, चैत १७**/जिल्लाको रैनादेवी छहरा गाउँपालिका-४ छहरामा 'साहित्य संगम' कार्यक्रम हुने भएको छ । भैरब नवदीय उच्च माविका पूर्व विद्यार्थी संस्थाको आयोजनामा २०८२ जेठ २३ गते 'साहित्य संगम' हुने भएको हो ।

संस्थाको शनिबार बसेको बैंठकले भैरब नवदीप मावि छरामा जिल्लाभरका माविमा अध्ययनरत विद्यार्थीहरुको सहभागितामा 'साहित्य संगम' कार्यक्रम आयोजना गर्ने निर्णय गरेको संस्थाका अध्यक्ष एवं पूर्व डिआईजी रामबहादुर कार्की जानकारी दिए । उनका अनुसार विद्यार्थीहरुको उत्सवका रुपमा कार्यक्रम गरिने छ । विद्यार्थीहरुलाई साहित्यप्रति रुची जगाउन, साहित्यको संरक्षण, संवर्द्धन र विस्तार गर्न कार्यक्रम आयोजना गर्न लागिएको अध्यक्ष कार्कीले बताए । जहाँ विद्यार्थीहरुबिच कविता



प्रतियोगिता हुने छ । प्रतियोगितामा विद्यार्थीहरुलाई कविता लेखन र वाचनमा प्रतिस्पर्धा गराइने छ । प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने प्रतिस्पर्धीलाई क्रमश: १० हजार, ८ हजार र ६ हजार नगद र प्रमाणपत्र प्रदान गरिने छ ।

यस्तै कार्यक्रममा साहित्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका गाउँपालिका भित्रका साहित्यकारहरुलाई सम्मान समेत गरिने संस्थाका अध्यक्ष कार्कीले एनजेडीलाई जानकारी दिए । उनले भने 'यहाँका थुप्रै साहित्यकारहरु हुनुहुन्छ, नेपाली साहित्य क्षेत्रमा उहाँको योगदान महत्वपूर्ण छ, त्यसैले योगदानको कदर गर्दै उहाँहरुलाई सम्मान गर्न लागेका हौं ।' सोही दिन कानुन, व्यवस्थापन, विज्ञान, आइटी र वन विद्यामा करियर काउन्सिलिङ, पुस्तक प्रदर्शनी, सांस्कृतिक कार्यक्रम, साहित्यकारहरुबाट रचनावाचन समेत गरिने छ ।

बैठकमा संस्थाका सल्लाहकारहरु गोविन्द रायमाझी, झलक रायमाझी, रैनादेवी छहरा गाउँपालिकाका निवर्तमान प्रवक्ता विष्णु प्रसाद पोखरेल, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघका केन्द्रीय उपाध्यक्ष नलबहादुर राना, समाजसेवी देवीप्रसाद पौडेल, संस्थाका उपाध्यक्षहरु टोपलाल शर्मा, नित्यानन्द पोखरेल, महेश बराल, महासचिव टिकाराम पोखरेल, पदाधिकारी, सदस्यहरुबिच व्यापक छलफल भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अटिजम भएकाहरुको पहिचान गरी उपचारमा संलग्न गराऔं

मस्तिष्क र स्नायुकोषाको स्वाभाविक विकासक्रममा हुने असमान अवस्थाको रूप अटिजम हो । यसलाई नेपालीमा आत्मकेन्द्रित व्यवहार भनिन्छ । व्यक्तिको मस्तिष्कमा स्नायुकोषाको सञ्जालले राम्रोसँग काम नगर्दा सूचना प्रशोधनमा बाधा उत्पन्न हुन गई सामाजिक क्रियाकलाप, सञ्चारसिप र कल्पनाशक्तिको विकासमा असर पुग्छ । जसले गर्दा सञ्चारमा विचलन, सामाजिक रूपमा घुलमिल हुन नसक्ने, पुनरावृत्ति, एकोहोरोपन, इन्द्रियहरूको उतारचढावको फलस्वरूप वातावरण, व्यक्ति र वस्तुप्रति भिन्दै प्रतिक्रिया र व्यवहार देखाउँछन् । बौद्धिक अपाङ्गता वा अटिजम कुनै रोग होइन । मस्तिष्कको एक विशेष अवस्था मात्रै हो । जुन असामान्य र अस्वीकृत व्यवहारका रूपमा देखिन्छ । अटिजम हुनुका कारण र उपचारका क्षेत्रमा धेरै अनुसन्धान भइरहेका छन् । कारण र निर्मूल गर्ने उपाय अझै पत्ता लाग्न सकेको छैन ।

पछिल्लो समय नेपलसहित विश्वभर अटिजमको समस्या बढ्दो छ । अटिजमको बारेमा सचेतना दिने र त्यस्तो समस्या भएका बालबालिकाको विशेष स्याहारमा जोड दिदै संयुक्त राष्ट्रसंघको आह्वानमा हरेक वर्ष विश्व अटिजम दिवस मनाइने गरिन्छ । नेपालमा अटिजमबाट गुज्रिरहेकाको यकिन तथ्यांक भने छैन । अटिजमको समस्याबाट गुज्रिरहेकाहरुको उपचार र नियन्त्रणका लागि त्यसको तथ्यांक राख्न आवश्यक छ । स्पेक्ट्रम डीसअर्डरका रुपमा लिइने यो स्वास्थ्य समस्याको खतर केटी भन्दा केटाहरुमा ४ गुणाले बढी हुने गरेको पाइएको छ । आमा बुवाको उमेर धेरै भएपछि जन्मिएका बच्चाहरुमा अटिजमको खतरा हुने गरेको छ । यो समस्या जति ढिलो थाहा हुन्छ उनीहरुको उपचारमा पनि झन् ढिलो हुनुको साथै अवस्था जटिल हुँदै जान्छ । यस कारण यो समस्या समयमा पहिचान गर्न सकियो भने जटिलता हुनबाट बचाउन सकिन्छ । यसर्थ समाजमा अटिजम समस्या भएका व्यक्तिहरुको पहिचान गरी उनीहरुलाई तत्काल उपचारमा संलग्न गराउन जरुरी छ ।

## Opinion @ Social Network

हार्नु कुनै कमजोरी होइन,
तर हार स्वीकारेर नउठ्नु कमजोरी हो।
(सागर घर्तीको फेसबुक स्टाटस https://www.facebook.com/gharti.sagar)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# यसरी सुधार गरौं गणतन्त्रलाई



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*कुनै पनि शासन व्यवस्थालाई बलियो बनाउने सबै भन्दा महत्वपूर्ण आधार हो आर्थिक पक्ष तर विगत केहि वर्षदेखि विभिन्न कारणहरुले गर्दा नेपालको आर्थिक अवस्था दयनिय अवस्थामा रहेको देखिन्छ । व्यवस्था परिवर्तन भएकै कारण यो अवस्था उत्पन्न भएको हो की ? प्रश्न उठेको देखिन्छ । पछिल्लो समय आर्थिक वृद्धि र प्रति व्यक्ति आयलाई समय अनुसार बढ्न नसक्नु, वैदेशिक ऋणको आकार तिव्ररुपमा बढ्नु, शोधान्तर स्थितीको अबस्था सन्तोषजनक नहुनु, आयात निर्यातको अन्तर प्रतिकुलरुपमा बढ्दै जानु, वैदेशिक मुद्रा प्राप्तिको स्रोत खुम्चीदै जानु तथा आम्दानीको तुलनामा सार्वजनीक खर्चको अवस्था बढ्दै जानु यसको उदाहरण हो ।*

जनताको शासन व्यवस्था मानिने गणतान्त्रिक शासन व्यवस्था अभ्यासको करीव दुई दशक अवधि पुरा गर्दै गर्दा यसबाट राजनीतिक नेतृत्व र त्यसको वरपर घुमिरहने सिमित कार्यकर्ता बाहेक अधिकाश जनतामा सकरात्मक आशा जगाउन नसकेको कुरामा दुईमत रहँदैन् । जनताको शासन व्यबस्था मानिने गणतन्त्र पनि जनताको शासन व्यवस्था बन्न सकेको देखिदैन् । जनताको चाहना र आवश्यकता एकातिर देश सञ्चालन राजनीतिक दल र तीनका नेतृत्वको कार्यशैली र व्यवहार अर्को तिर हुनु यस शासन व्यवस्थाको सबै भन्दा खराब पक्षको रुपमा रहेको देखिन्छ । यहि कारण विस्तारै विस्तारै गणतान्त्रिक शासन व्यवस्थाका विपक्षमा मत बढ्दै गएको देखिन्छ । मन लागि नलागि राजतन्त्रको कुरा गर्न जनता बाध्य भएको देखिन्छ । देश सञ्चालकको कार्य शैलीलाई लिएर व्यवस्था माथि नै धावा बोल्नु पनि मुर्खता हो । गणतन्त्रको विकल्प गणत्नत्र नै हो राजतन्त्र होइन । जनताको शासन व्यवस्थामा उत्कृष्ट मानिने गणतन्त्रलाई कसरी सुधार गर्न सकिन्छ , देखिएका बेथिती अन्त्य कसरी गर्न सकिन्छ, कसरी यसलाई लोकप्रिय बनाउन सकिन्छ बहसको विषय बनेको देखिन्छ । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**आर्थिक पक्षमा सुधार :**

कुनै पनि शासन व्यवस्थालाई बलियो बनाउने सबै भन्दा महत्वपूर्ण आधार हो आर्थिक पक्ष तर विगत केहि वर्षदेखि विभिन्न कारणहरुले गर्दा नेपालको आर्थिक अवस्था दयनिय अवस्थामा रहेको देखिन्छ । व्यवस्था परिवर्तन भएकै कारण यो अवस्था उत्पन्न भएको हो की ? प्रश्न उठेको देखिन्छ । पछिल्लो समय आर्थिक वृद्धि र प्रति व्यक्ति आयलाई समय अनुसार बढ्न नसक्नु, वैदेशिक ऋणको आकार तिव्ररुपमा बढ्नु, शोधान्तर स्थितीको अबस्था सन्तोषजनक नहुनु, आयात निर्यातको अन्तर प्रतिकुलरुपमा बढ्दै जानु, वैदेशिक मुद्रा प्राप्तिको स्रोत खुम्चीदै जानु तथा आम्दानीको तुलनामा सार्वजनीक खर्चको अवस्था बढ्दै जानु यसको उदाहरण हो । यसै विचमा अर्थमन्त्रीले नै आम्दानीले खर्च धान्न नसकेको अभिव्यक्ती दिइसकेका छन् । राजनीतिक नेतृत्वले तत्काल आर्थिक पक्षमा आवश्यक सुधार गरि देशको अर्थतन्त्र बलियो बनाई गणतान्त्रिक शासन व्यवस्थालाई सुधार गर्नु पर्ने देखिन्छ ।

**सरकारी खर्चमा मितव्ययीता :**

पछिल्लो समय संघीयता कार्यान्वयन र प्रदेश सञ्चालन तथा व्यवस्थापनमा सरकारी खर्च अत्याधिक बढेको देखिन्छ । तिव्ररुपमा बढेको सार्वजनिक खर्चका कारण सरकारले जनतालाई प्रत्यक्ष हित हुने कार्य गर्न सकेको देखिदैन् । विकास खर्च भन्दा साधरण खर्च बढ्दै गएको छ । प्रदेश व्यबस्थापनका लागि बढ्दै गएको खर्चमा मितव्ययीता वा थप आम्दानीका स्रोतको खोजी गर्न नसकेकमा प्रदेश मात्रै होइन गणतन्त्रनै असफल हुने देखिन्छ । संघ, प्रदेश र स्थानीय तहहरुका आर्थिक कारोवारमा बढ्दै गएको आर्थिक बेथिती अन्त्य गरि वित्तीय अनुशाशन कायम गर्नु पर्ने देखिन्छ ।

विकास र जनतालाई सुविधा दिन तयार पारीएको राज्यको नयाँ सरचना देशका लागि सेतो हात्ती पाल्नु जस्तै भएको देखिन्छ । गणतन्त्रलाई सुधार गर्नु छ भने प्रदेश खारेज गर्ने, भिआईपी मन्त्री र सासदको संख्यामा भारी कटौती गर्नु पर्ने, मन्त्रालय र कार्यालय संमायोजन गर्ने, कर्मचारी दरबन्धीमा आवश्यक कटौती, करार भर्नामा नियन्त्रण, कार्यालय संचालन र दैनीक खर्चमा लगाम लगाउनु पर्ने, आर्थिक रुपमा आत्मनिर्भर बनाउने, अनाबश्यक खर्चका क्षेत्रहरु कटौती गर्ने, आम्दानीका स्रोतहरुको खोजि गर्ने, आर्थिक पक्षमा स्वायत्ता प्रदान गर्ने, सासद, मन्त्री र मन्त्रालयको संख्यामा कमि गर्नुपर्ने देखिन्छ ।

**सुशासन र विधिको शासन स्थापित गर्ने :**

गणतन्त्रलाई सुधार गर्ने अर्को महत्वपूर्ण आधार हो सुशासनको प्रत्याभुती र बिधिको शासनको अभ्यास तर पछिल्लो समय बिधिको शासन स्थापित गरि शाशन संचालन गर्न दलहरु चुकेको कारण गणतन्त्र माथि आलोचना र बिरोधका आवाजहरु बढ्दै गऐको देखिन्छ । संविधान र ऐन नियमको पक्षमा चर्का भाषण गर्ने तर यसको पालना र कार्यान्वयनमा भने वेखवर जस्तै देखिनु राम्रो भने पक्कै होईन । गणतान्त्रिक शासन व्यवस्थालाई सुधार गर्नु छ भने आफुअनुकुलका लागि ऐन नियम तथा संविधानको शशोधन गर्न तर्फ होईन यसको पालना र कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ ।

**भ्रष्टचारको अन्त्य :**

विश्व सूचाकं स्केलमा नेपालमा भ्रष्ट्रचारको अबस्था दयनिय अवस्थामा रहेको कुरामा दुईमत रहदैन् । यसमा मलजल गर्न नेपालका तीन तहका सरकारहरु नै लागेका छन् भन्दा फरक नपर्ला किनभने पछिल्लो समय यो दरमा तिव्रता आएको देखिन्छ । कमिशन, भ्रष्टचार र गैर कानुनी लेनदेनले तिव्रता पाएको देखिन्छ । अस्वभाविक रुपमा बढ्दै गएको भ्रष्ट्राचार, बेथिती तथा स्वेच्छाचारी क्रियाकलापले शाशन व्यवस्था माथि थप आलोचना सिर्जना भएको देखिन्छ । गणतन्त्रलाई सुधार गर्नु छ भने स्वेच्छाचारी रुपमा चलेका प्रदेश र स्थानिय सरकारहरुलाई नियन्त्रीत, निर्देशीत र व्यवस्थित बनाउदै लानु जरुरी देखिन्छ । यसका साथै भ्रष्टाचारको अन्तयका लागि स्थापित संवैधानिक अंगहरुलाई पूर्ण रुपमा काम गर्न दिने परिस्थितीको सिर्जना गर्नु पर्दछ ।

**गुट र स्वेच्छाचारी अबस्थाको अन्तय:**

देश कहाँ र कसबाट सञ्चालन भएको छ । चर्चा विषय बनेको छ । सरकार गर्नु पर्ने कार्य भन्दा नगर्नु पर्ने कार्य गर्न उद्यत देखिन्छ । यो हुनुको कारण हो राजनीतिक दल, राजनीतिक दल भन्दा माथि तीनका नेता पिच्छेका गुटहरु, गुटहरु, देशी विदेशी स्वार्थ समूह, गुण्डा र डन राजनीतिक नेतृत्वमा हावी हुनु हो । यीनैले राज्य संचालनमा प्रभाव पार्ने कारण सरकारहरु सहि काम गर्न सकेको देखिदैन् । दल र नेता पिक्षेका गुट उपगुट र तीनीहरुले पार्ने कार्य प्रभावको कारण पनि व्यबस्था कमजोर भएको देखिन्छ । गणतन्त्रलाई सुधार गर्न उल्लेखीत पक्षमा सुधार गर्नु जरुरी देखिन्छ ।

**राज्यका निकायहरुलाई स्वयतता :**

राज्यका सुरक्षा निकाय, संवैधानिक अंगहरु, न्यायलय, कर्मचारीतन्त्र लगायत राज्यका निकायहरुले राम्रो संग काम गर्न सकेको देखिदैन् । राज्य संचालकका निर्देशन पालना गर्दा गर्दै यी निकायहरु निरीह जस्तै बनेका देखिन्छन् । न्यायलयहरुले न्याय दिन सकिरहेकाछैन्न् । संवैधानिक अंगले स्वायत्तरुपमा काम गर्न पाएका छैन्न, नियन्त्रीत र निर्देशित अवस्थामा पुगेको देखिन्छ । गणतन्त्रलाई सुधार गर्नु छ भने उल्लेखीत पक्षमा ध्यान दिनु जरुरी देखिन्छ ।

**राजनीतिक स्थिरताको खाँचो :**

जनताको शाशन व्यबस्था मानिने गणतन्त्रमा पनि उही अस्थिर राजनीति अबस्था, उही सरकार परिवर्तनको अवस्थाले निरन्तरता पाउनु,राजनीतिक दलहरु जन्ताका लागि भन्दा सत्ता प्राप्तीका लागि केन्द्रीत हुनु, सत्ताका लागि विवेक, इमान्दारीता र नैतिकतानै गुमाउने कार्य गर्नु । अस्थिरता केन्द्रमा मात्रै नभएर सात वटै प्रदेशमा देखिनु । आन्दोलन, तोडफोड, बन्द हडताल कायमै रहनु गणतन्त्रलाई कमजोर बनाउने पक्षहरु हुन् । धार्मिक, जातीय तथा क्षेत्रीय द्वन्द्वको खतरा बढ्दै जानु । आफ्नो स्वार्थका लागि जनतालाई विभिन्न नाममा विभाजन गराउन खोज्नु ।

**कर र शुल्कमा कटौती :**

गाउँ घरमानै सिंह दरबारको नाममा पछिल्लो व्यबस्थामा जनताले कर र शुल्कको भारी बोक्नु परेको छ । स्थानीय तहबाट सेवा लिए बापत जनता भन्दै छन् हिजो रु ५ दस्तुर, शुल्क तीरेको मा आज न्युन्तम रु ५०० तीर्नु परिरहेको छ । यो एक उदाहरण मात्रै हो । जनताको आम्दानी स्तरमा खासै परिवर्तन भएको देखिदैन् तर करका दरमा क्रमश वृद्धि गर्दै लगेको देखिन्छ । जसले जनताको दैनिकीमा समस्या श्रृजना भएको छ । यसले शाशन व्यबस्था माथि जनतामा वितृष्णा सिर्जना भएको देखिन्छ । यी उल्लेखीत पक्षमा सुधार गर्दै, गणतन्त्रलाई सुधार गर्न सकिने देखिन्छ ।

**निष्कर्ष :**

लामो समयको प्रयास, दशंकौको बहस र छलफल, संयौको बलिदानी, लामो समयको आन्दोलन परिणाम हो गणतन्त्र । स-साना छालहरुले यसको जगलाई हल्लाउने तागत राख्न सक्दैनन् । गणतन्त्र आफैमा खराब र बिकृत्त व्यबस्था होइन । राजनीतिक दलका नेतृत्वकर्ताको कार्य शैली र व्यबहारले यसलाई आलोचित बनाएको हो । यस व्यबस्थामा आज भोली बढ्दै गएको आलोचना र बिरोधका आवाजको प्रतिकार्यका लागि गर्ननै पर्ने एक मात्रै कार्य हो गणतन्त्रमा मौलाउदै गएको विकृत्तीको अन्त्य र यसको सुधार । यसका लागि सम्बद्ध सवैको ध्यान जानु जरुरी देखिन्छ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सकारात्मक ऊर्जाले भरिएको दिन रहनेछ । नयाँ अवसरहरू प्राप्त हुन सक्छन्। | **तुला** : आर्थिक लाभको सम्भावना छ। पारिवारिक सम्बन्धमा सुधार आउनेछ। |
| **वृष** : अनावश्यक खर्च बढ्न सक्छ, सचेत रहनुहोस् । स्वास्थ्यमा ध्यान दिनुहोला । | **वृश्चिक** : मानप्रतिष्ठा बढ्नेछ । नयाँ अवसरहरू प्राप्त गर्न सकिनेछ । |
| **मिथुन** : साझेदारीमा लाभ मिल्नेछ। दाजुभाइबाट सहयोग प्राप्त हुने छ । | **धनु** : मिहिनेतको राम्रो प्रतिफल प्राप्त हुनेछ । यात्रा गर्दा सचेत रहनुहोस् । |
| **कर्कट** : नयाँ काम वा परियोजनामा सफलता मिल्नेछ। आत्मविश्वास बढ्नेछ। | **मकर** : नयाँ लगानी गर्दा विचार पुर्याउनुहोस्। स्वास्थ्यमा ध्यान दिनुहोस्। |
| **सिंह** : काममा अल्छीपन आउन सक्छ । अनावश्यक विवादमा नअल्झनुहोस् । | **कुम्भ** : सामाजिक मानप्रतिष्ठा बढ्नेछ। अध्ययन तथा अनुसन्धानमा रुचि बढ्नेछ। |
| **कन्या** : सकारात्मक सोच राख्नुहोस् । सन्तान पक्षबाट शुभ समाचार प्राप्त हुन सक्छ। | **मीन** : स्वास्थ्य सम्बन्धी सामान्य समस्या आउन सक्छ। विवादमा नअल्झिनुहोस् । |

# शिक्षा

## विद्यालय शिक्षा विधेयक तत्काल अघि बढाउन आग्रह



विभिन्न राजनीतिक दलका प्रमुख सचेतकहरुले विद्यालय शिक्षा विधेयक द्रुत गतिमा अघि बढाउन सम्बन्धित समितिसमक्ष अनुरोध गरेका छन् । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापासहितको छलफलका क्रममा प्रमुख दलका प्रमुख सचेतकले उक्त आग्रह गरेका हुन् ।

साथै उनीहरुले त्यसमा आफ्नो दलको पूर्ण सहयोग रहने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् । त्यस अवसरमा मन्त्री भट्टराईले सो विधेयक शीघ्र टुङ्गोमा पुर्याउन उपसमितिमार्फत काम भइरहेको उल्लेख गर्दै सहयोगका लागि सबै दलसँग आग्रह गरे । त्यसअवसरमा शिक्षक आन्दोलनका विषयमा समेत छलफल भएको थियो । सहभागी प्रमुख सचेतकहरुले शिक्षकहरूसँग यसअघि सरकारले गरेका सम्झौताहरूलाई विधेयकमा सम्बोधन गर्न सुझाव दिए । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विद्यालय शिक्षा विधेयक, २०८० का सम्बन्धमा हाल दफावार छलफल भइरहेको छ । समितिका सभापति थापाले यस विषयमा थप छलफल गरी विधेयकलाई अन्तिम रूप दिने प्रक्रिया अघि बढाउने जानकारी दिए । छलफलमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मुख्य सचेतक महेश बर्तौला, नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का प्रमुख सचेतक हीतराज पाण्डे र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियारलगायत सहभागी थिए ।

*-डिसी नेपाल*

## आर्थिक विकास र दीगो पर्यटनका लागि शिक्षा महत्वपूर्ण




'दीगो पर्यटन, नवीनता र आर्थिक विकासका लागि उच्च शिक्षाको भूमिका' विषयक दुई दिवसीय अन्तर्राष्ट्रिय सम्मेलन पोखरामा शुरु भएको छ ।

कालिका बहुमुखी क्याम्पस पोखराद्वारा आयोजित सम्मेलनमा नेपालसहित जापान, बेलायत, बङ्गलादेश, थाइल्याण्ड, अमेरिकालगायत देशबाट विभिन्न ३० वटा विश्वविद्यलाय एवं क्याम्पसबाट एक सय ५० जनाको सहभागिता छ । सम्मेलनको उद्घाटन गर्दै विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा देवराज अधिकारीले आर्थिक विकास र दीगो पर्यटनका लागि उच्च शिक्षाको अहम् भूमिका हुने बताए ।

उनले उच्च शिक्षाको पाठ्यक्रम व्यावसायिकता प्रवर्द्धन र उत्पादित जनशक्तिको उपयोग हुने खालको हुनुपर्नेमा जोड दिए । त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संखायका डीन प्राडा महानन्द चालिसेले देशमा अध्ययनरत विद्यार्थीमध्ये अधिकांश व्यवस्थापन विषयका भएको उल्लेख गर्दै स्वदेशमा नै उनीहरूको उपयोग हुने वातावरण तयार निर्माणको खाँचो औँल्याए ।

कालिका बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष किरण केसीले क्याम्पसले गुणस्तरीय शिक्षामा जोड दिँदै विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए ।

क्याम्पस प्रमुख वीरञ्जी गौतमले गुणस्तर सुनिश्चित तथा प्रत्यायन(क्युएए)प्राप्त क्याम्पसद्वारा गरिएको यस किसिमको कार्यक्रम पोखराको पर्यटन र आर्थिक विकासका लागि महत्वपूर्ण अवसर भएको धारणा राखे । कार्यक्रममा वरिष्ठ पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई, बैभव पौडेललगायतले पाठ्यक्रम र व्यवसायबीचको तालमेल हुनु जरुरी भएको धारणा राखे ।

ओटिएस एकेडेमी युकेको सहआयोजना एवं विश्वविद्यलाय अनुदान आयोग, व्यवस्थापन संखाय त्रिभुवन विश्वविद्यालय, पोखरा महानगरपालिका र केसी ग्रुपको सहयोगमा आयोजित कार्यक्रममा विभिन्न प्राध्यापक एवं अनुसन्धाताका विषयगत प्रस्तुतिसँगै विभिन्न विषयमा समूहगत छलफल रहने आयोजकले जनाएको छ ।

*-हाम्रोकुरा डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा


## निमावि तह तृतीय श्रेणीका शिक्षकको विज्ञापन खुला



शिक्षक सेवा आयोगले निम्न माध्यमिक तह तृतीय श्रेणीका शिक्षकको विज्ञापन खुलाएको छ । आयोगले आज निकालेको सूचना अनुसार सात प्रदेशमा गरी ६ सय ८८ जना शिक्षकका लागि विज्ञापन खुलेको छ ।

आयोगले नेपाली, अंग्रेजी, गणित, विज्ञान, सामाजिक, स्वास्थ्य तथा शारीरिक शिक्षा, संस्कृत व्याकरण र संस्कृत भाषा विषयमा शिक्षक माग गरेको छ ।

आवेदन दिन उमेर हद १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । परीक्षा दस्तुर सात सय रूपैयाँ र समावेशी समूहतर्फका थप विज्ञापनमा पाँच सय रूपैयाँ लाग्नेछ । योग्यता पुगेका इच्छुक नेपाली नागरिकले वैशाख १२ गतेसम्म र दोब्बर दस्तुर तिरेर वैशाख १९ गतेसम्म आवेदन दिन सक्नेछन् । सामान्य परीक्षा आउँदो जेठ १७ गते हुनेछ ।

*-उज्यालो खबर डटकम*


**Tinau Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Dobhan, Palpa**

## Invitation for Bids

**Publication Date: 2081/12/18**

1. Tinau Rural Municipality Dobhan, Palpa invites electronic Bid from Nepalese eligible Bidder/Suppliers under NCB & Sealed Quotation procedure as per below table.
2. Interested eligible Bidders may obtain further information from the office of Tinau Rural Municipality **Phone No: 075413064/9857077098 Email: tinaururalmunicipality@gmail.com** or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** before 12:00 hrs. on **17 Baishakh 2082 (30 April 2025 A.D.) for NCB & 2 Baishakh 2082 (15 April 2025 A.D.) for SQ**. and Bid Opening will be held on same day at 13:00 Hrs on Rural Municipal Office. Bids received after this deadline will be rejected.
4. Pre-bid meeting shall be held at Tinau Rural Municipality Dobhan -02, Palpa at 12:00 hrs on **2 Baishakh 2082 (15 April 2025 A.D.). for NCB.**

| Contract Number | Description of Works | Estimated Amount | Bid Security Amount (NRs) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|
| TRM/NCB/ WORK/ 11/2081-082 | Construction of Steel truss and installation of various equipment for Children Park at Khulkhule | 29,39,182.92/- | 65,000/- | 3,000/- | Online (NCB) |
| TRM/SQ/ WORK/ RE10/2081-082 | Suketal Patan Motar TRM-02 & Construction of Gyandi Khola Shear Wall at Tinau-01 | 9,79,245.03/- | 25,000/- | 1,000/- | Online (SQ) |

5. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. **Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: **Laxmi Sunrise Bank Limited.**
Name of Office: **Office of Tinau Rural Municipality**
Office Code no.: **40-365-13 Rajasho Shirsak Num :-14229040.**
**Office Account No:08103000028(For Bid Fee),**
**Office Account No.:08103000185(For Bid Security)**

**Acting Chief Administrative Officer**



## गुल्मी दरबार गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं
- कुनै सामान वा वस्तु खरिद (किन्दा) लेबल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौं ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

भेषराज घिमिरे — प्रमुख प्रशासकीय अधिकृत
तारा थापा ढेगा — उपाध्यक्ष
सरोजकुमार थापा — अध्यक्ष

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जौबारी, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



## तानसेन नगरपालिकाको अनुरोध

- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।

पिताम्बर पाण्डे — प्रमुख प्रशासकीय अधिकृत
प्रतिक्षा सिंजाली — उप-प्रमुख
सन्तोष लाल श्रेष्ठ — नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# चैतको २९ देखि 'गुल्मी महोत्सव' सञ्चालन हुँदै

**गुल्मी, चैत १७**/जिल्ला सदरमुकाम तम्घासमा यही चैतको अन्तिम सातादेखि 'गुल्मी महोत्सव' सञ्चालन हुने भएको छ । गुल्मी चेम्बर अफ कमर्सको आयोजनामा चैत २९ गतेदेखि आगामी वैशाख १२ गतेसम्म महोत्सव आयोजना गर्न लागिएको हो ।

'गुल्मीको समृद्धिको आधार, कृषि पर्यटन उद्योग र व्यापार' भन्ने उद्देश्यका साथ सदरमुकाम तम्घासमा कृषि, पर्यटन एवं व्यापार मेला आयोजना गर्न लागिएको जिल्लास्थित चेम्बर अफ कमर्सका अध्यक्ष दुर्गाप्रसाद पाण्डेले जानकारी दिए । उनका अनुसार कमर्सद्वारा दोस्रोपटक महोत्सव गर्न लागिएको हो । महोत्सवमा एक लाख ५० दर्शकले अवलोकन गर्ने अनुमान गरिएको बताउँदै ३० करोड बराबर आर्थिक कारोबार हुने अपेक्षा गरिएको उनले उल्लेख गरे । जिल्लामा आर्थिक गतिविधि कम भइरहेका बेला बजार चलायमान बनाउने उद्देश्यले महोत्सव गर्न लागिएको चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष वीरेन्द्र भुसालले बताए । दुई सातासम्म सञ्चालन हुने महोत्सवमा स्थानीय कृषि तथा घरेलु उत्पादन, लोक कला संस्कृतिको प्रदर्शनी र प्रवर्द्धन तथा पर्यटकीय क्षेत्रहरूको प्रचारप्रसार गर्नु प्रमुख उद्देश्य रहेको उनले जानकारी दिए । कृषि तथा घरेलु उत्पादनका लागि नि:शुल्क स्टलको व्यवस्थापन गरिने आयोजकले जनाएको छ । विगतका वर्षमा जिल्लामा सञ्चालन हुने अधिकांश महोत्सव चिदीचौरस्थित महेन्द्र माविको खेलमैदानमा आयोजना हुने गरेकामा गत वर्षदेखि चिदीचौरभन्दा बाहिर आयोजना गर्न थालिएको जिल्लास्थित उद्योग सैले जनाएको छ ।

सङ्घा अनुसार गत वर्ष उपल्लो तम्घासमा महोत्सव आयोजना गरिएको थियो । अहिले गुल्मी चेम्बर अफ कमर्सले तम्घासस्थित कारागार नजिकै नुनथलामा महोत्सव आयोजना गर्न लागेको हो । स्थानीयको १० रोपनी जग्गा भाडामा लिएर महोत्सव गर्न लागिएको अध्यक्ष पाण्डेयले बताए । उनका अनुसार महोत्सवलाई प्रभावकारी बनाउन १७ वटा उपसमिति गठन गरिएको छ । सचिवालय, आर्थिक, सांस्कृतिक, स्टल, घरेलु हस्तकलालगायत कामको संयोजन उपसमितिमार्फत हुने चेम्बर अफ कमर्सका सचिव सूर्य घिमिरेले जानकारी दिए । महोत्सवबाट जिल्लाको पर्यटन प्रवर्द्धन हुनुका साथै आर्थिक गतिविधि चलायमान हुने उनले विश्वास व्यक्त गरे । *-रासस*



## पाल्पामा वैदेशिक...

...वैदेशिक रोजगारीलाई प्रभावकारी र सुरक्षित बनाउने उद्देश्यका साथ परियोजनाले कार्य गर्दै आइरहेको नगरपालिकाका सूचना अधिकारी भरत आचार्यले बताए । सुरक्षित आप्रवासन परियोजना (सामी) नेपाल सरकार र स्विस सरकारको सहयोगमा सञ्चालन भइरहेको छ । परियोजनाले वैदेशिक रोजगारमा जानेको लागि आवश्यक सिपमूलक तालिमहरू नि:शुल्क रूपमा दिनुका साथै, वैदेशिक रोजगार सम्बन्धी चेतनामूलक कार्यक्रमहरू गर्दै आइरहेको छ । यसका साथै वैदेशिक रोजगारीका लागि जाने प्रक्रिया, कानुनी परामर्श लगायत वैदेशिक रोजगार सम्बन्धी सम्पूर्ण कुराहरूको बारेमा जानकारी दिइने गरेको परियोजनाले जनाएको छ । कार्यक्रममा सहभागी पत्रकार तथा सरोकारवालाहरुले सबै स्थानीय तहमा कार्यक्रम पुर्‍याउनुपर्नेमा जोड दिएका छन् । उनीहरुले वैदेशीक रोजगारमा जानेहरुलाई सहज बनाउने मात्र नभई स्वदेशमै बस्ने वातावरण सिर्जना गर्ने दिशामा समेत लाग्न परियोजनालाई आग्रह गरे ।


## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८१/१२/१७*

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८१/१२/१७ को निर्णय तथा रामपुर नगरपालिकाको २०८१/१२/१७ गते च.नं १७४४ को अनुपति पत्र तथा शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको च.नं १३२१ को पत्रअनुसार तपशिल अनुसारको अस्थायी करार शिक्षक नियुक्तिको लागि तपशिल योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट देहायको विज्ञापनको लागि दरखास्त आह्वान गरिन्छ ।

तपशिल

**विज्ञापन नं.** : ०१/०८१/०८२, **तह/श्रेणी** : प्रा.वि. तृतीय, **संख्या** : १ जना,

**न्युनतम शैक्षिक योग्यता :आइ.एड उर्तिण** वा सो सरह

**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

**तलब स्केल** : नेपाल सरकारको प्रचलित नियम बमोजिम ।

**दरखास्त दस्तुर** : रु ५००/-, **दरखास्त दिने अन्तिम मिति** : २०८२/०१/०१ गते कार्यालय समय भित्र, **सम्पर्क मिति** :२०८२/०१/०२ (कार्यलय समय भित्र)

**परीक्षा मिति र स्थान** : सम्पर्क मितिमा तोकिने छ ।

**परीक्षाको किसिम** : लिखित तथा अन्तर्वार्ता

**आवश्यक कागजातहरू** : शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि पत्र, अध्यापन अनुमति पत्र, निरोगिताको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति

*(नोट:परीक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।)*

**सम्पर्क नं. : प्र.अ ९८४७१७०४६७, ९८४७४३६४६२**

**श्री वीरेन्द्र प्राथमिक विद्यालय**
रामपुर नगरपालिका -८, खालीबन, पाल्पा

## उपभोक्ता हकको रक्षा गरौं

- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुन्छ,
- गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगे कानून बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ ।

त्यसैले

- उपभोक्ता हकको बारेमा सचेत बनौं,
- उपभोक्ता हकहित रक्षाको लागि एकजुट होऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


### खेलकुद समाचार

## एमबाप्पेको दुई गोलमा रियल मड्रिडको जित



**काठमाडौं**, चैत १७/ केलिएन एमबाप्पेले दुई गोल गरेपछि स्पानिस ला लिगाको दोस्रो स्थानमा रहेको रियल मड्रिडले लेगानेसमाथि ३-२ को कठिन जित हात पारेको छ । सुरुवाती अग्रता लिएको रियल एक पटक पछि परेपनि फेरि पुनरागमन गरेको थियो ।

एमबाप्पेले घरेलु मैदानमा ३२औं मिनेटमा पेनाल्टीमा गोल गर्दै रियललाई अग्रता दिलाएका थिए । तर पहिलो हाफमै लेगानेसले दुई गोल फर्कायो । डिएगो गार्सियाले त्यसको एक मिनेठपछि नै लेगानेसका लागि बराबरी गोल गरे । यस्तै डानिएला राबाले ४१औं मिनेटमा गोल गर्द लेगानेसलाई पहिलो पटक अग्रता दिलाए । दोस्रो हाफमा रियल खेलमा फर्कियो । जुड बेलिङहमले दोस्रो हाफको सुरुमै गोल गर्दै खेल बराबरीमा ल्याए । त्यसपछि एमबाप्पेले ७६औं मिनेटमा गोल गर्दै रियललाई जित दिलाए । जितपछि रियलले २९ खेलबाट बार्सिलोनासमान ६३ अंक जोडेको छ । तर गोलअन्तरमा रियल पछि छ । बार्सिलोनाले आइतकार जिरोनासँग खेल्दैछ र अग्रता बढाउने अवसर हुनेछ ।

### अर्थ/कर्पोरेट समाचार

## २९ अंकले बढ्यो नेप्से



**पाल्पा, चैत १७**/साताको पहिलो कारोबार दिन आइतबार नेप्से परिसूचक २९.८२ अंकले बढेको छ । यो दिन नेप्से १.११ प्रतिशतले बढेर २६९३.१२ बिन्दुमा पुगेको छ ।

यस दिन सेयर बजारमा २२२ कम्पनीको मूल्य बढ्दा २२ कम्पनीको मूल्य घटेको छ । नेप्सेसँगै कारोबार रकम पनि बृद्धि भएको छ । कारोबार अवधिभर आज ७ अर्ब ५६ करोड ८२ लाख २६ हजार रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । कुल ३२३ धितोपत्रको १ करोड ५५ लाख ७२ हजार ८६२ कित्ता सेयर ७६ हजार ३५४ पटकमा खरिद बिक्री भएको छ । आइतबार तीन समूहको परिसूचक २ प्रतिशतभन्दा बढीले बृद्धि भएको छ । जसमा सर्वाधिक बढी लगानी समूहको २.१८ प्रतिशतले बढेको छ भने अन्य २.०८ प्रतिशत र वित्त २.०१ प्रतिशतले बृद्धि भएका हुन् । यसैगरी, होटल्स तथा पर्यटन समुहको परिसूचक १.४१ प्रतिशत, हाइड्रोपावर १.५४ प्रतिशत, निर्जीबन बिमा ०.७८ प्रतिशत, बैंकिङ उपसमूह र विकास बैंक ०.८२ प्रतिशत, जीवन बिमा ०.८५ प्रतिशत, उत्पादन तथा प्रशोधन ०.५८ प्रतिशत र लघुवित्त ०.६२ प्रतिशतले बृद्धि भएको छ । यता, व्यापार समूह ०.२६ प्रतिशत र म्युचुअल फण्ड ०.१५ प्रतिशतले घटेको छ । आइतबार सर्वाधिक बढी जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको सेयर मूल्य ९.९४ प्रतिशतले बढेर प्रतिकित्ता ३९३ रुपैयाँ २६ पैसा कायम भएको छ भने दोर्दी खोला जलविद्युत कम्पनीको सेयर मूल्य ६.५९ प्रतिशतले बढेर ३९४ रुपैयाँ ५१ पैसा कायम भएको छ । यसैगरी, कुमारी सबल योजनाको इकाइ मूल्य ६.३९ प्रतिशतले बढेर प्रतिइकाइ ९.१६ रुपैयाँ कायम भएको छ । त्यस्तै, प्रभु स्मार्ट फण्डको इकाइ मूल्य ५.७९ प्रतिशतले घटेर प्रतिइकाइ १० रुपैयाँ ४२ पैसा कायम भएको छ भने सयपत्री हाइड्रोपावर ३.८९ प्रतिशतले घटेर ७६७ रुपैयाँ ६६ पैसामा झरेको छ । आइतबार सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको सेयर कारोबार रकम सर्वाधिक बढी रहेको छ । यसदिन हिमालयन रिइन्स्योरेन्सको ६९ करोड १९ लाख ७७ हजार रुपैयाँ बराबरको सेयर कारोबार भएको हो । त्यस्तै, नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको ४७ करोड ८४ लाख ८२ हजार रुपैयाँ बराबरको सेयर कारोबार भएको छ ।


## रूरूक्षेत्र गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| लक्ष्मण पाण्डे | मीना देवी गौतम | यदु ज्ञवाली |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई